# महिला लक्षित आयआर्जनका लागि बाखापालन कार्यक्रम कार्यन्वयन कार्यबिधी २०७७

पाथीभरा याङवरक गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,

थेचम्बु ताप्लेजुङ्ग

# महिला लक्षित आयआर्जनका लागि बाख्रापालन कार्यक्रम कार्यन्वयन कार्यबिधी २०७७

गाउँ कार्यपालिकाबाट स्वीकृत मितिः-२०७७/०२/२

१. पृष्ठभूमीः-

नेपाली समाजमा महिलाहरुको आर्थिक गतिबिधीमा न्यून सहभागिताको कारण क्षमता अनुसारको आर्थिक योगदान हुन सकेको छैन ।जसले गर्दा समाजमा हुने बिभिन्न किसिमका विकास निर्माणका निर्णय प्रक्रियाहरुमा निजहरुको न्यून सहभागिता रहेको देखिन्छ ।पशु सेवा शाखाको प्रतिबद्धता र पाथिभरा याङवरक गाउँपालिकाको महिला लक्षित आयआर्जन बाख्रापालन निति तथा कार्यक्रमलाई सरल, सहज, पारदर्शी र प्रभावकारी रुपमा संचालन गर्नका लागि पाथिभरा याङवरक गाउँपालिकाले "महिला लक्षित आयआर्जन बाख्रापालन कार्यक्रम कार्यन्वयन कार्यविधी २०७७" जारी गरेको छ ।

## परिच्छेद १

## प्रारम्भ

१. संक्षिप्त नाम र प्रारम्भः-

(क) यो कार्यबिधीको नामः- "महिला लक्षित आयआर्जन बाख्रापालन कार्यक्रम कार्यन्वयन कार्यबिधी २०७७" रहेको छ

(ख) यो कार्यबिधी पाथिभरा याङवरक गाउँकार्यपालिकाबाट स्वीकृत भए पछि प्रारम्भ हुनेछ ।

२. परिभाषाः- बिषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

(क) "गाउँपालिका" भन्नाले पाथिभरा याङवरक गाउँपालिका थेचम्बु ताप्लेजुङ्गलाई सम्झनु पर्दछ ।

(ख) "कृषक" भन्नाले पशुपन्छीपालक तथा उत्पादनमा प्रत्यक्षय संलग्न भएको कृषक समुह वा ब्यात्तीलाई जनाउने छ ।

(ग) "वडा" भन्नाले पाथिभरा याङवरक गाउँपालिका भित्रका वडाहरुपलाई सम्झनु पर्दछ।

(घ) " संबिधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्दछ ।

(ङ) "अनुदान" भन्नाले कार्यक्रम संचालनका लागि सम्बन्धित साझेदारीलाई स्थानिय सरकारबाट प्रदान गरिने रकमलाई जनांउने छ ।

(च) "साझेदारी" भन्नाले लागत सहभागितामा बाख्रापालन कृषक समुह गठन गरी कार्यक्रम संचालन गर्नका लागि सम्बन्धित कार्यालयसंग द्विपक्षय सम्झौताका आधारमा हुने लागत सहभागितालई साम्झनु पर्दछ ।

(छ) " बाख्रापालक कृषक समुह" भन्नाले बाख्रापालन पेशामा संलग्न भई एउटै गाउँटोलका मिल्दा जुल्दा समस्या, आवश्यकता र चाहना भएका न्यूनतम १० जना वा सो भन्दा वढी ब्यक्तीहरु मिली साझा उद्देश्यहरु प्राप्त गर्न सामुयिक प्रयासद्वारा हासिल गर्न बनाईएको संगठनलाई जनाउने छ ।



प्रमुख प्रशासकीय अधिकृत

(ञ) "समुहको विधान" भन्नले सामुयिक उद्देश्य प्राप्तिका लागि क्रियाकलाप संचालन गर्न बनाईएको नियम तथा कानूनको दस्ताबेजलाई जनाउने छ ।

(झ) "हितकोष" भन्नाले कुनै पनि कार्यक्रम आयोजना, योजना, परियोजना संचालन गर्न नगद वा जिन्सी, ऋण लगानी, लगानीका रुपमा रहेको नगद वा पूँजी समेतलाई जनाउने छ ।

३. उद्देश्य

(क) गाउँपालिकाको विद्यामान पशुपालन निति तथा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

(ख) बाख्रापालन ब्यवसायलाई सहजीकरण, प्रबर्द्धन एवं ब्यवसायिकरण गर्नका लागि आबश्यक प्रबिधी, सिपलाई लक्षित बर्ग सम्म पुऱ्याउन सहयोग स्वारुप टेवा प्रदान गर्ने ।

(ग) बाख्रापालन ब्यवसायबाट थप रोजगारीका अवसरहरु सिर्जना गरी जिबन स्तरमा सुधार गर्ने।

(घ) मासु र मासुजन्य उत्पादनको परिमाण र गुनस्तरमा सुधार गर्ने तथा उत्पादन लागतमा न्यूनिकरण गर्ने

(ङ) बाख्रापालन क्षेत्रको ब्यवसायीक रुपान्तरणमा सहयोग पुऱ्याउने ।

(च) बिकास निर्माण प्रक्रियामा महिलाहरुको सहभागितामा बृद्धि हुने ।

(छ) महिलाहरुको आर्थिक स्थितीमा सुधार आई आयश्रोतमा बृद्धि हुने ।

(ज) कृषक समुदायमा आधारित सहभागितामुलक नश्ल सुधार प्रणाली स्थापित गर्ने ।

४. कार्यक्रम अन्तरगत गरिने क्रयाकलापहरु

यो कार्यबिधी अन्तरगत रहि संचालन गरिने क्रियाकलापहरु निम्न अनुसार छन ।

(क) घरधुरी सर्बेक्षण

(ख) समुह गठन र अभिमुखिकरण

(ग) बाख्री खरिद, ढुवानी तथा बितरण

(घ) बाख्रामा अन्तरिक तथा बाह्य परजिबी नियान्त्रण औषधी बितरण

## परिच्छेद - २

## कार्यक्रम संचालन बिधी

५. कार्यक्रम संचालन सम्बन्धि ब्यवस्था

५.१ यो कार्यक्रम पहिलो चरणमा पाथिभरा याङवरक गाउँपालिका सवै वडाहरूमा संचालन गरिने छ ।

५.२ कार्यक्रम संचालनका लागि लक्षित बर्गको वडाबाट पहिचान गरी छनौट प्रक्रिया गरिने छ । पशु सेवा शाखासंग समन्यन गरी पशु सेवा शाखा मार्फत महिला कृषक समुह गठन गरी पशु सेवा शाखाले कार्यक्रम संचालन गर्न गरिनेछ ।

५.३ महिला लक्षित आयआर्जन बाख्रापालन कृषक समुहमा समावेश हुन निम्न मापदण्ड पुरा भएको हुनु पर्दछ

(क) भौगोलिक तथा बातावरणय दृष्टिकोणले बाख्रापाल्न उपयुक्त ठाउँका न्यून आय भएकासमहिला हुनु पर्ने

(ख) समुहमा बाख्रापाल्न इच्छुक कम्तिमा १० घरपरिवार हुनु पर्ने ।



प्रमुख प्रशासकीय अधिकृत

(ग) पाठापाठी उत्पादन गरी बिक्री बितरण गर्न इच्छुकहुनु पर्ने ।
(घ) स्थानिय (खरी ) जातको गुणस्तरीय बोका
(ङ) तोकिएको अबधि सम्म बाख्रापालन गर्न इच्छुक ।
(च) कम्तिमा लगानीको २५ प्रतिशत सो लगानी गर्न इच्छुक हुनु पर्नेछ ।
(छ) स्थानिय (खरी) जातको गुणस्तरीय माउ बाख्रा खरिद गर्नु पर्ने छ ।
(ज) यस कार्यक्रममा बाहलवाला जनप्रतिनिधी, शिक्षक तथा अन्य कुनै पनि कर्मचारी सहभागी हुन पाइने छैनन् ।

५.४ छनौट भइ समुह गठन भएका बाख्रापालक कृपक समुहले समुहका अध्यक्ष, कोषाध्यक्ष वा सचिव र पशु सेवा शाखाको कर्मचारीको संयुक्त दस्तखतमा गाउँपालिका नजिक रहेको बैकमा खाता खोल्नु पर्नेछ ।
५.५ कार्यक्रम संचालनका लागि अनुदान रकम कार्यालयले समुहको खातामा जम्मा गरिनेछ ।
कूल अनुदान रकमको ५० प्रतिशत पहिलो किस्ताको रुपमा उपलब्ध गराइनेछ र बाँकी रकम भेरीफिकेशन र कार्य सम्पादन मूल्याङ्कनका आधारमा बैक खातामा भुक्तानी दिइनेछ ।
५.६ कार्यक्रममा सहभागि हुने समुहका कृषकहरुले खरिद गरिएका बाख्रीहरुको अनिवार्य रूपमा बिमा गर्नु पर्नेछ ।

६ रकम बाडफाड ( समुह गठन प्रक्रियाको लागत कूल (एकमुष्ट) रकमबाट लगानी हुने)

| सि.नं. | बिनियोजित रकम बिबरण /वडाहरू | विनियोजित रकम (रु. हजारमा) | कैफियत |
|---|---|---|---|
| १ | समुह गठन बापत खर्च | २०,००० | बिस हजार |
| १ | वडा नं. १, नाङखोल्याङ्ग | २,००,००० | दुईलाख |
| २ | वडा नं. २, थेचम्बु | २,००,००० | दुईलाख |
| ३ | वडा नं. ३, तिरिङ्गे | १,७०,००० | एकलाख पचहत्तर हजार |
| ४ | वडा नं. ४, डुम्रिसे | १,७०,००० | एकलाख पचहत्तर हजार |
| ५ | वडा नं. ५, चाक्सिबोटे | १,७०,००० | एकलाख पचहत्तर हजार |
| ६ | वडा नं. ६, थुमबेदिन | १,७०,००० | एकलाख पचहत्तर हजार |
| | जम्मा रु. | ११,००,००० | एघार लाख रुपैया मात्र |

८. आर्थिक नर्मस

| सि.नं. | बिवरण | इकाई | परिमाण | दर रु. | कार्यालयबट | समुहवाट | जम्मा रु. |
|---|---|---|---|---|---|---|---|
| १ | समुह गठन | संख्या | २० | १,००० | २०,००० | - | २०,०००/- |
| २ | पाठी खरिद | संख्या | २० | ४५,००० | ९००००० | २२५००० | ११२५००० |
| ३ | बोका खरिद | संख्या | १८ | १०,००० | १८०००० | १८०००० | ३,६०,०००/ |
| | जम्मा रु. | | | | ११,००००० | ४०५००० | १५,०५००० |



प्रमुख प्रशासकीय अधिकृत

१. अनुगमन मुल्याङ्कन तथा प्रतिबेदन

यस कार्यक्रमको अनुगमन, मूल्याङ्कन पाथिभरा याङवरक गाउँपालिकाको अनुगमन समिति, वडा अनुगमन समिति, पशु बिकास कार्यदल र पशु सेवा शाखाले गर्नेछ । मासिक, चौमासिक, बार्षिक प्रगति प्रतिबेद पशु सेवा शाखा मार्फत गाउँपालिकामा पेश गर्नु पर्ने छ ।

२. थपघट वा हेरफर गर्न सकिने

१. यो कार्यविधीको कार्यन्वयनलाई थप ब्यवस्थित र प्रभावकारी बनाउन गाउँ कार्यपालिकाले आवश्यकता अनुसार थपघट, हेरफेर तथा खरेजी गर्ने सक्नेछ ।

२. यस कार्यक्रमको कार्यन्वयनमा कुनै बाधा, अवरोध र अस्पष्ठता आएमा त्यस्तो बाधा अवरोध फूकाउने प्रयोजनका लागि गाउँकार्यपालिकाले आबश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ ।

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुची १

## सम्झौता पत्र

जिल्ला ताप्लेजुङ्ग पाथिभरा याङवरक गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको आ.व. २०७६/०७७ को बार्षिक कार्यक्रम अनुसार कृषि प्रवर्द्धन कार्यक्रम अन्तरगत कार्यक्रम लक्षित वर्ग आयआर्जन बाखापालन कार्यक्रमका लागि पाथिभरा याङवरक गाउँपालिका वडा नं. ....., गठित श्री .........................बाखापालन कृषक समुह ( यस पछि दोस्रो पक्ष भनिने) र पाथिभरा याङवरक गाउँपालिका वा पशु सेवा शाखा थेचम्बु ( यस पछि पहिलो पक्ष भनिने ) बीच तपशिलका सर्तहरुको अधिनमा रही कार्यक्रम संचालन गर्न द्विपक्षीय सम्झौता भएको छ । कार्ययोजना अनुसार कार्यक्रम र क्रियाकलापहरु तोकिएको अवधीमा सम्पन्न गर्नु दोस्रो पक्षको जिम्वेवारी हुनेछ ।

१. पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रम संचालन गर्न बापत दिइने अनुदान रकम पशु सेवा शाखाको कर्मचारी सहितको संयूक्त दस्तखतमा खोलिएको समुहको बैक खातामा जम्मा गरिनेछ । खातामा जम्मा गर्दा पहिलो किस्ता बापत ५० प्रतिशत रकम जम्मा गरिनेछ ।बाँकि रकम भेरिफिकेशन र कार्य सम्पन्न भइ सकेपछि मात्र दिइनेछ ।
२. पहिलो पक्षबाट तोकिएको प्राविधिक बिषयबस्तुलाई दोस्रो पक्षले अनिवार्य रुपमा पालना गर्नु पर्नेछ ।
३. पहिलो पक्षबाट प्राप्त अनुदानलाई दोस्रो पक्षले कम्तिमा ५ वर्ष सम्म मास्न वा दुरुपयोग गर्न पाइने छैन । यदि त्यस्तो गरेको पाईएमा निजको सो रकम असुल उपरको लागि प्रचलित कानून बमोजिम आवश्यक कार्बाही गरिने छ ।ब्यवसायबाट उत्पादित बस्तुको बजार ब्यबस्ता दोस्रो पक्ष आफैले गर्नु पर्नेछ ।
४. पहिलो पक्षले नियमितरुमा दोस्रो पक्ष ( अनुदान रकम पाउने) को अनुगमन गर्नेछ ।
५. दोस्रो पक्षले मासिक/ चौमासिक प्रगति प्रतिबेदन रिपोर्ट नियमित रुपमा पशु सेवा शाखालाई दिनु पर्नेछ ।
६. सम्झौतामा उल्लेखित काम गर्दा परिआउन सक्ने कुनैपनि भवितब्यको पुर्ण जिम्वेवारी दोस्रो पक्ष स्वायम हुनुपर्नेछ ।
७. गाउँपालिका वा पशु सेवा शाकाले आवश्यक ठानेमा अन्य विषयबस्तु थपहुन सक्नेछ ।

प्रथम पक्ष

गाउँपालिका वा पशु सेवा शाखा तर्फबाट

नाम:-

पद:-

दस्तखत

मिति:-

छाप

दोस्रो पक्ष

श्री .............. बाखापालक कृषक समुहको तर्फबाट

नाम:-

पद:-

दस्तखत

मिति:-

छाप

प्रमुख प्रशासकीय अधिकृत